कोशी प्रदेश,विराटनगर, नेपाल

मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
विराटनगर, नेपाल

मिति- २०८१/०३/२९

## शुभकामना

''भानु तिम्रो सम्झनाले हिउँ चुली हाँस्छ !

भाषा भक्ति नेपालीले एउटै माला गाँस्छ !''

आज भानु जयन्ती। आदिकवि भानुभक्त आचार्य जन्मेको दिन। यो विशेष दिनमा स्वदेश तथा विदेशमा रहनुभएका नेपाली दाजुभाइ, दिदीबहिनी तथा नेपाली साहित्य तथा भाषाको क्षेत्रमा अनवरत रुपमा लाग्नुभएका सम्पूर्णमा शुभकामना व्यक्त गर्दछु।

नेपाली साहित्यको जग बसाल्ने प्राथमिक कालका कवि भानुभक्त आचार्यको आज २११ औँ जन्म जयन्ती हो। वि. सं. १८७१ असार २९ गते आइतबार तनहुँ जिल्लाको चुँदी रम्घामा जन्मनु भएका आदिकवि भानुभक्तले नेपाली भाषा, साहित्य र संस्कृतिको एकतामा ठुलो योगदान गर्नु भएको छ। अध्यात्म रामायणबाट नेपालीमा अनुवादित रामायण उहाँको महत्त्वपूर्ण र चर्चित कृति हो। सरलता, धार्मिकता र राष्ट्रियताको अद्भुत एकता झल्काएर लेखिएका उहाँका साहित्यिक कृति हाम्रा लागि प्रेरणाका स्रोत हुन्।

नेपाली भाषाको आदिकविका रूपमा चिनिने उहाँबिना नेपाली साहित्य अपूर्ण हुन्छ। नेपाली वाङ्मयमा नेपाली लेखक कविहरूका आधार स्तम्भ भानुभक्त नै हुनुहुन्छ। भानुभक्तले साँस्कृतिक एकीकरण गरेर नेपाली भाषालाई एउटै मालामा गाँस्नु भएको छ। उहाँको महिमा नेपाली साहित्यमा अग्रणी छ। उहाँका रचनाहरू नेपाली साहित्यका नेतृत्वदायी कृतिहरू हुन्।

उहाँको पाण्डुलिपि सङ्ग्रह गरेर मोतीराम भट्टले पुस्तकाकारमा प्रकाशित गरेपछि उहाँ चर्चित हुनुभएको थियो। साहित्य मानव जीवनको अपरिहार्य गहना हो। भानुभक्तले रचना गरेको रामायणदेखि विभिन्न धार्मिक एवम् ऐतिहासिक छन्दात्मक ग्रन्थहरू आज समाजको सम्पत्तिको रूपमा स्थापित भइरहेका छन्। अहिले पनि सबैका घरघरमा रामायणका पुस्तकहरू वाचन गरिन्छ।

नेपाली साहित्यमा एकैपल्ट भाषा, साहित्य, संस्कृति, धर्म, दर्शन, परम्परा, चरित्र, मर्यादा, पितृ प्रेम, भातृत्व, दाम्पत्य, कर्तव्य, देशप्रेमजस्ता समग्र विषयको समन्वय एवम् समष्टि भाव प्रदान गरेका भानुभक्त नेपालको राष्ट्रिय विभूति हुनुहुन्छ। यो हाम्रो गौरवको विषय हो। हाम्रो भाषा, संस्कृति र साहित्यका लागि भानुभक्तको योगदान अतुलनीय छ। कोशी प्रदेश सरकार विगतदेखि नै भाषा, साहित्यको उत्थान र प्रवर्द्धनमा लाग्दै विभिन्न कामहरू गरिरहेको यो अवसरमा स्मरण गर्दछु। प्रदेशका स्रष्टाहरूलाई सम्मान गरेर साहित्य क्षेत्रको विकासमा सरकारले काम गरिरहेको छ। आगामी दिनमा भानुभक्तको प्रेरणाबाट शिक्षा लिँदै नेपाली भाषा र साहित्यमा थप काम गर्ने ऊर्जा मिल्ने विश्वास लिएको छु। हाम्रो भाषा र साहित्यमाथि विभिन्न क्षेत्रबाट प्रहारहरू भइरहेका छन्। यो परिप्रेक्षमा हामीले भानुभक्तलाई सम्झना गर्दै नेपाली भाषा र साहित्यको सेवा गर्न सके भानुभक्तप्रति सच्चा सम्मान हुनेछ। अन्तमा, आदिकवि भानुभक्त आचार्यप्रति उच्च सम्मान र आदर प्रकट गर्दै यस अवसरमा नेपाली भाषा र साहित्यको क्षेत्रमा योगदान गर्नुहुने र सक्रिय रहनुहुने सबैमा आदरभाव एवम् सम्मान व्यक्त गर्दै सबैको उन्नयन र प्रगतिको शुभकामना व्यक्त गर्दछु।

हिक्मतकुमार कार्की

मुख्यमन्त्री

फोन नं.+९७७-०२१-४७५१६६

ईमेल:- info.ocmcm@p1.gov.np